# काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www .kankrebihar .com

राष्ट्रिय दैनिक








❐ वर्ष : २६ ❐ अंक : ११ ❐ सोमवार, १२ असोज, २०८३ ❐ Monday, 28 Sep 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०


# गत साउनयता हालसम्म कर्णालीमा विपद्का १७५ घटना, १० जनाको मृत्यु

❐ चाँदनी कठायत

सुर्खेत, ११ असोज

गत शुक्रबार रातिको अविरल वर्षाका कारण गोठमाथिबाट खसेको ढुंगाले लाग्दा डोल्पामा एक जनाको मृत्यु भयो । मृत्यु हुनेमा त्रिपुरासुन्दरी नगरपालिका-१, खलवलगाडाका ३८ वर्षीय मनरूप केसी छन् । गोठमाथिको भिरबाट खसेको ढुंगाले टाउको र छातीमा चोट लागेका केसीलाई उपचारका लागि स्वास्थ्यचौकी लैजाँदै गर्दा बाटोमै मृत्यु भएको थियो ।

गत साउन ३० गते जाजरकोटको भेरी नगरपालिका-२, रिसाङ बस्तीमा ठूलो पहिरो आयो । पहिरोमा परी चार जनाले ज्यान गुमाए भने १० जना घाइते भए । १३ घरपरिवार पूर्ण रूपमा प्रभावित भए ।

यस्ता घटना कर्णालीमा पछिल्लो समय निरन्तर भइरहेका छन् । कर्णाली प्रदेशमा गत साउनयता विपद्का १७५ घटना भएका छन् । ती घटनामा १० जनाको मृत्यु भएको छ भने ३१ जना घाइते भएका छन् । दुई जना बेपत्ता भएका छन् । कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतका अनुसार विपद्का कारण १५२ घरधुरी विस्थापित भएका छन् । १४९ घरधुरीका ८२४ जनालाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ । विपद्का घटनामा १२६ पशुचौपायाको समेत मृत्यु भएको छ ।

प्रदेश प्रहरी कार्यालयका सूचना अधिकारी एसएसपी सन्तोषसिंह राठौरले दिएको जानकारीअनुसार विपद्का घटनामा २२ घर पूर्ण रूपमा क्षति भएका छन् भने ७२ घरमा बाँकी पृष्ठ ४



## विपत्‌बाट ४ दिनमा १५ जनाको मृत्यु, १ हजार २८४ जनाको उद्धार



❐ काँक्रेविहार संवाददाता

काठमाडौं, ११ असोज

देशका विभिन्न स्थानमा बाढी, पहिरोलगायत विपत्‌बाट ४ दिनमा १५ जनाको मृत्यु भएको छ ।

विपत्‌मा परेर बागमती प्रदेशमा ३, लुम्बिनीमा ४, गण्डकीमा ५, कर्णालीमा २ र मधेश प्रदेशमा १ जनाको मृत्यु भएको केन्द्रीय प्रहरी प्रवक्ता अविनारायण काफ्लेले जानकारी दिए । विपत्‌का घटनामा ४ जना घाइते भएका छन् । उनीहरूको स्थानीय अस्पतालमा उपचार भइरहेको छ ।

बाढी, पहिरो तथा डुबानमा परेका १ हजार २८४ जनाको उद्धार गरिएको छ । अन्य सुरक्षा निकाय र स्थानीयको समन्वयमा बाढी पहिरोको जोखिममा रहेका घर परिवारलाई सुरक्षित स्थानमा राख्ने, पहिरोमा पुरिएका धनमाल निकालेर सुरक्षित गर्ने काम भइरहेको प्रवक्ता काफ्लेले बताए ।


सूचना, समाचार तथा विज्ञापनको लागि ९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।


## तीन दिनको वर्षाले सडकदेखि बस्ती प्रभावित

असोज ८ गते बेलुकादेखि लगातार परेको वर्षाका कारण कर्णालीका विभिन्न सडकखण्डमा पहिरो खस्दा यातायात प्रभावित भएको छ । कर्णाली करिडोर, कर्णाली राजमार्ग, मध्यपहाडी राजमार्ग, राप्ती राजमार्ग, सुर्खेत-सल्यान सडक र लुहाम-कालीमाटी सडकखण्डका विभिन्न स्थानमा पहिरोका कारण सडक अवरुद्ध भएको एसएसपी राठौरले जानकारी दिए ।

हुम्लाको सर्केगाड गाउँपालिका-१ खच्चा, कालीकोटको शुभकालिका गाउँपालिका-१ गगनेखोला तथा एस मोड र सुर्खेतको बराहताल गाउँपालिका-७ औलिसेमा पहिरो गएपछि कर्णाली करिडोर तथा कर्णाली राजमार्ग अवरुद्ध भएका थिए । कालीकोटकै तिलागुफा नगरपालिका-१ भिग्मा, जाजरकोटको छेडागाड नगरपालिका-४ लेवाभीर, जुम्लाको तातोपानी क्षेत्र तथा मुगुको पिना क्षेत्रमा पनि सडकमा पहिरो खसेर आवागमन प्रभावित भएको प्रहरीले जनाएको छ । रुकुम पश्चिमको सानीभेरी क्षेत्रमा मध्यपहाडी राजमार्ग र सल्यानको कपुरकोट क्षेत्रमा राप्ती राजमार्ग पनि पहिरोका कारण प्रभावित भएका थिए । पहिरो पन्छाएर सडक खुलाउने काम भइरहेको प्रहरीले जनाएको छ । लगातारको वर्षाका कारण बाढी, पहिरो र सडक अवरोधको जोखिम बढेपछि कर्णालीमा लामो दूरीका सवारीसाधन सञ्चालनमा रोकसमेत लगाइएको थियो । सुर्खेत, नेपालगन्जबाट जुम्ला, हुम्ला, कालीकोट, जाजरकोट, डोल्पा, सल्यान र रुकुमतर्फ जाने लामो दूरीका सवारी साधन प्रभावित भएका थिए । छोटो दूरीका स्थानीय सवारी भने सडकको अवस्था हेरेर सञ्चालन गरिएको प्रहरीले जनाएको थियो ।

## एक दशकमा ६१९ जनाको मृत्यु

कर्णाली प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालयका अनुसार २०७२ देखि २०८१ सम्मको दश वर्षको अवधिमा विपद्का घटनामा परी ६१९ जनाको मृत्यु भएको थियो । यस अवधिमा ६८ जना बेपत्ता भएका थिए भने एक हजार २६६ जना घाइते भएका थिए । जिल्लागत रुपमा सबैभन्दा बढी जाजरकोटमा १८४ जनाको मृत्यु भएको तथ्यांक छ । रुकुममा ९२, कालीकोटमा ८४, जुम्लामा ४७, हुम्लामा ४६, सल्यानमा ३९, दैलेखमा ३६, डोल्पामा ३५ र सुर्खेतमा ३० जनाको मृत्यु भएको थियो । मुगुमा २६ जनाको मृत्यु भएको तथ्यांक छ ।

प्रकोपका आधारमा हेर्दा पहिरोबाट सबैभन्दा बढी मानवीय क्षति भएको थियो । दश वर्षमा पहिरोबाट १८० जनाको मृत्यु भएको प्रदेश सरकारका विपद् सहजकर्ता उज्वल अधिकारीले जानकारी दिएका छन् । भुकम्पबाट १५४, आगलागीबाट ६४, चट्याङबाट ४६, बाढीबाट ३९, महामारीबाट ३४, लेक लागेर २५, वन डढेलोबाट १५, डुबेर १४ र भारी वर्षाका कारण १३ जनाको मृत्यु भएको तथ्यांक छ ।

दश वर्षको अवधिमा विपद्का कारण झण्डै साढे तीन अर्ब रुपैयाँ बराबरको आर्थिक तथा भौतिक क्षति भएको छ । त्यसमध्ये भूकम्पबाट मात्रै दुई अर्ब ४७ करोड रुपैयाँभन्दा बढीको क्षति भएको तथ्यांकमा उल्लेख छ । जाजरकोट केन्द्रबिन्दु भएर गएको भूकम्पले ठूलो मानवीय तथा भौतिक क्षति पुऱ्याएको थियो ।

## अविरल बर्षा र हावाहुरीले धान खेतीमा ठूलो क्षति



❐ काँक्रेविहार संवाददाता

बाँके, ११ असोज

तीन दिनदेखि निरन्तर भएको अविरल वर्षा र हावाहुरीले बाँके जिल्लाका विभिन्न स्थानमा धान खेतीलाई ठूलो क्षति गरेको छ ।

अविरल वर्षा र हावाहुरीले गर्दा जिल्लाको सबै आठ वटै पालिकाका खेतमा रोपिएका धानलाई ढालेर ठूलो नोक्सानी गरेको, साथै तरकारी खेतीमा पनि ठूलो हानी गरेको कृषि ज्ञान केन्द्र नेपालगन्जले जनाएको छ ।

कृषि ज्ञान केन्द्र बाँकेका वरिष्ठ कृषि प्रसार अधिकृत तथा सूचना अधिकारी सुजिता शर्माले वर्षा, डुबान तथा हावाहुरीले जिल्लाका सबै पालिकामा धान बालीमा ठूलो क्षति पुगेको जानकारी किसानहरुमार्फत आएको बताइन् ।

उनले धान बालीमा क्षति भएको जानकारी किसानहरुले गराए पनि क्षतिको पूर्ण विवरण संकलन भइनसकेकोले कति क्षति भयो भन्ने जानकारी आउन अझै केही बाँकी पृष्ठ २

## बाढीले करिब एक हजार मेगावाट विद्युत् उत्पादन अवरूद्ध

❐ काँक्रेविहार संवाददाता

काठमाडौं, ११ असोज

असोज ८ गतेदेखि शुरु भएको न्युनचापिय मनसुनका कारण देशैभर भएको अविरल वर्षा र बाढीको कारण विभिन्न प्रसारण लाइनमा क्षति पुगेको छ ।

मनसुनका कारण प्रसारण लाइन मार्फत प्रवाह हुने विद्युत् उत्पादन केन्द्रको विद्युत् उत्पादन प्रभावित हुन पुगेको हो ।

नेपाल विद्युत् प्राधिकरणका अनुसार नदीमा आएको बाढी तथा अत्यधिक बहावका कारण गण्डकी प्रदेशका केही स्थानमा विद्युत् उत्पादन केन्द्र बन्द अवस्थामा पुगेकोले विद्युत् आपूर्तिमा समेत केही असहज अवस्था आएको छ ।



हालसम्म बाढीको कारण कालिगण्डकी कोरिडोर प्रसारण लाइन अवरुद्ध हुँदा उक्त प्रसारण लाइन मार्फत प्रवाह हुने १३ बटा उत्पादन केन्द्रका करिब ३७० मेगावाट विद्युत् उत्पादन बन्द भएको छ ।

यस बाहेक म्याग्दी, स्याङ्जा, कास्की, लमजुङ र तनहुँ जिल्लामा अवस्थित थप १४ वटा उत्पादन केन्द्रका करिब ६३० मेगावाट विद्युत् उत्पादन केन्द्र समेत मदिना अत्यधिक बहावका कारण बन्द अवस्थामा रहेकोले हाल उत् पत्र बाढीका कारण विद्युत् प्रणालीमा समग्रमा करिब करिब मेगावाट विद्युत् उत्पादन अवरुद्ध हुन गएको छ । यसका कारण विद्युत् आपूर्ति प्रणाली सन्तुलनका लागि केही उद्योगहरूमा विद्युत् खपत घटाई व्यवस्थापन गरिएको प्राधिकरणले जनाएको छ ।

नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी रघुगंगा जलविद्युत कम्पनीबाट प्रवर्द्धित राहुघाट जलविद्युत केन्द्र (४० मेगावाट)को स्वीचयार्डमा कालिगण्डकी नदीले कटान गरी क्षति पुऱ्याएको छ ।

यस्तै, कुलेखानी स्थित ईन्द्रसरोवरको आज दिउँसो १ बजेसम्मको पानीको सतह १५२६.४२ मिटरमा पुगेको छ र पानीको सतह सुरक्षित तहमा कायम राख्न उत्पादन केन्द्र २४ सै घण्टा पूर्ण क्षमतामा सञ्चालनमा राखिएको प्राधिकरणले जनाएको छ ।

## अधिकांश ठाउँको मौसम खुल्दै, अझै कहाँ-कहाँ छ पानी पर्ने सम्भावना ?



❐ काँक्रेविहार संवाददाता

काठमाडौं, ११ असोज

४ दिनपछि काठमाडौं उपत्यकासहित केही ठाउँमा घाम देखिएको छ । देशका अधिकांश भू-भागमा मौसममा सुधार भएसँगै मध्य नेपालमा क्रमशः खुल्दै गएको जल तथा मौसम विभागले जनाएको छ । देशको पश्चिमी क्षेत्रमा भने अझै हल्कादेखि मध्यम वर्षा जारी छ । तर, अहिले भारी वर्षा भने भएको छैन ।

कर्णाली र सुदूरपश्चिम प्रदेशसँगै देशका हिमाली भू-भागमा सामान्यतया बादल लागेको छ । बाँकी क्षेत्रमा आंशिक बदली रहेको विभागकी मौसमविद् विनु महर्जनले बताइन् ।

हाल लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई आसपासका केही स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको महर्जनले बताइन् । पछिल्लो एक घण्टामा केही स्थानमा करिब २९.६ मिलिमिटरसम्म वर्षा मापन भएको छ ।

आइतवार राति कर्णाली, सुदूरपश्चिम तथा लुम्बिनी प्रदेशको पश्चिमी भू-भागमा हल्का बाँकी पृष्ठ २

## सम्पादकीय

# किसानलाई सरकारको साथ आवश्यक

कर्णालीमा खेतीयोग्य जमिन कम छ, खेती गरेर परिवार धान्न कठिन छ र कृषि पेसाबाट आम्दानी हुँदैन भन्ने भाष्य सुनिँदै आएको छ । तर दैलेखको भैरवी गाउँपालिका–३ का किसानले आफ्नै माटोबाट त्यसको जवाफ दिइरहेका छन् । थोरै जमिनमा तरकारी खेती गरेर घरखर्च चलाउने, छोराछोरी पढाउने र ऋण तिर्नेसम्मको आम्दानी गर्न सकिन्छ भन्ने उदाहरण उनीहरूले प्रस्तुत गरेका छन् । यो केवल केही किसानको सफलता मात्र नभई कर्णालीको कृषिमा देखिएको सम्भावना पनि हो । भैरवी–३ मा करिब ९० घरपरिवार व्यावसायिक तरकारी खेतीमा जोडिनु आफैँमा महत्वपूर्ण संकेत हो । निर्वाहमुखी खेतीबाट व्यावसायिक उत्पादनतर्फ किसानको आकर्षण बढ्नुले गाउँमै रोजगारी र आम्दानीको सम्भावना रहेको देखाउँछ । आफ्नो बारीमा श्रम गर्ने, उत्पादन गर्ने र बजारमा बिक्री गरेर नगद आम्दानी गर्ने प्रणालीले किसानलाई आत्मनिर्भर बनाउन सक्छ । यसले गाउँबाट रोजगारी खोज्दै शहर वा विदेश जाने बाध्यतालाई समेत केही हदसम्म रोक्न सक्ने आधार तयार गर्छ ।

तर एउटा गाउँका किसानहरूको सफलताले मात्रै कर्णालीको कृषि समस्या समाधान हुँदैन । किसानले उत्पादन गर्न सक्छन् कि सक्दैनन् भन्ने भन्दा पनि उनीहरूले उत्पादन गरेको वस्तुको उचित मूल्य पाउँछन् कि पाउँदैनन् भन्ने हो । किसानको बारीमा उत्पादन राम्रो भयो, तर बजारमा मूल्य पाएन भने त्यो उत्पादनले किसानको जीवन बदल्न सक्दैन । कृषकलाई व्यावसायिक खेतीमा लाग्न आग्रह गर्ने सरकार र सम्बन्धित निकायले अब उत्पादनपछिको अवस्थाबारे पनि गम्भीर हुनुपर्छ । गुणस्तरीय बीउ कहाँबाट ल्याउने, मल र औषधि समयमा कसरी उपलब्ध गराउने, रोग तथा कीरा नियन्त्रणका लागि प्राविधिक सेवा कसरी पुर्‍याउने, सिँचाइको व्यवस्था कसरी गर्ने र उत्पादित वस्तु बजारसम्म कसरी पुर्‍याउने भन्ने प्रश्नको उत्तर राज्यसँग हुनुपर्छ । किसानलाई उत्पादन गर्न लगाएर बजारको जिम्मा उसैलाई छाड्ने हो भने व्यावसायिक कृषि दिगो हुन सक्दैन । कर्णालीमा कृषिका नाममा वर्षेनि बजेट विनियोजन हुन्छ । अनुदानका कार्यक्रम सञ्चालन हुन्छन् । कृषि उपकरण वितरण गरिन्छन् । तर यस्ता कार्यक्रमले किसानको वास्तविक उत्पादन र आम्दानीमा कति वृद्धि गर्‍यो भन्ने मूल्यांकन आवश्यक छ । अनुदान वितरणको संख्या होइन, त्यसबाट सिर्जित उत्पादन, रोजगारी र किसानको आम्दानीलाई उपलब्धिको आधार बनाउनुपर्छ ।

स्थानीय सरकारको भूमिका पनि उत्तिकै महत्वपूर्ण छ । गाउँमा उत्पादन हुने तरकारीको बजार स्थानीय तहभित्रै विस्तार गर्न सकिन्छ । विद्यालय, अस्पताल, होटल तथा अन्य संस्थागत उपभोक्तालाई स्थानीय उत्पादनसँग जोड्न सकिन्छ । किसानका लागि संकलन केन्द्र, भण्डारण र ढुवानीको व्यवस्था गर्न सकिन्छ । यसो गर्न सके किसानले बिचौलियाको भर पर्नुपर्ने अवस्था घट्न सक्छ र उपभोक्ताले पनि स्थानीय उत्पादन सहज रूपमा पाउन सक्छन् । कर्णालीको कृषि विकासका लागि सबै ठाउँमा विशाल खेती प्रणाली आवश्यक छैन । यहाँको भौगोलिक अवस्था हेर्दा साना किसान, साना बारी र उच्च मूल्यका कृषि उत्पादनमा आधारित खेती प्रभावकारी हुन सक्छ । तरकारी, फलफूल, मसला, जडीबुटी तथा स्थानीय उत्पादनलाई बजारसँग जोड्न सकिए सानो जमिन पनि परिवारको बलियो आयस्रोत बन्न सक्छ ।

## अविरल...

दिन लाग्ने बताइन् ।

सूचना अधिकारी शर्माले आठ वटै पालिकाका कृषि शाखाहरूसँग क्षतिको विवरण माग गरिएको जनाउँदै सबै पालिकाले विवरण पठाइसकेपछि मात्रै वास्तविक क्षति पत्ता लाग्ने बताइन् ।

नेपालगन्ज-१९ मन्निपुरका किसान हेमराज काँदुका अनुसार अधिकांश खेतमा हुरीले धान ढालेको छ भने वर्षाले डुबाएको छ । कति धान जोगिने हो र कति क्षति हुने हो अहिले नै भन्न सक्ने अवस्था नरहेको काँदुले बताए ।

सोही प्रकारले डुडुवा गाउँपालिका कम्दीका सुजन थापाको खेतमा पनि अधिकांश धान ढलेको र डुबेको छ । थापाले खेतबारीमा रहेको सबै धान डुबेको र ढलेको जनाउँदै क्षति कति हुने हो केही पनि भन्न सक्ने अवस्था नरहेको बताए ।

कृषि ज्ञान केन्द्र बाँकेका अनुसार जिल्लामा यस वर्ष ३३ हजार ५०३ हेक्टरमा धान रोपिएको छ । यस पटक धान राम्रो हुने अपेक्षा गरिएकोमा अहिलेको अविरल बर्षा र हावाहुरीले उत्पादन घट्ने चिन्ताले किसान दुखी बनेका छन् ।

## अधिकांश...

वर्षाको भएका छ । अन्य क्षेत्रमा भने मौसम थप सुधार हुने र वर्षाको सम्भावना न्यून रहने मौसमविद् महर्जनले बताइन् ।

उनले भनिन्,'कर्णाली र सुदूरपश्चिम प्रदेशका साथ-साथै देशका हिमाली भू-भागमा चाहिँ साधारणतया बादल लागेको छ । बाँकी ठाउँमा चाहिँ आंशिक बादल लागेको अवस्था रहेको छ । र शनिवारदेखि मौसम मुख्यतया सफा नै छ ।' उनका अनुसार तत्काल देशभर ठूलो तथा भारी वर्षा हुने सम्भावना कम छ । यद्यपि सुदूरपश्चिम प्रदेशको पहाडी भू-भागका एक-दुई स्थानमा भारी वर्षाको हुन सक्ने सम्भावना छ । पश्चिमी क्षेत्रमा पहेँलो सतर्कता आवश्यक पर्ने अवस्था रहन सक्ने भए पनि देशभर नै उच्च तहको वर्षा सतर्कता जारी गर्नुपर्ने अवस्था नरहेको उनको भनाइ छ ।

# विज्ञैविज्ञले भरिएको देशमा एउटा जाबो बाढी रोक्न सकेनन्



✍ सोमनाथ खनाल

बिहान करिब साढे ५ बजे निद्रा खुल्यो । शारीरिक व्यायाम र मेडिटेसनसहितका नित्यकर्म सकेर कफीको स्वादसँगै भारतीय राजनीतिज्ञ तथा चर्चित लेखक शशि थरुरको नेपाली रूपान्तरण 'म किन हिन्दु'का पानामा घोत्लिइरहेको थिएँ । शशि थरुरका लेखनले कसलाई पो लट्ठ पार्दैन होला र ! म पनि लट्ठ थिएँ ।

उता किचनबाट म्याडमको आवाज आयो, 'खाना खान आउनुस्, अफिस जान ढिला हुन्छ ।'

किताबका शब्द र कफीको स्वाद अधुरै छोडेर हतार-हतार खाना खान किचनमा गएँ । बाहिर सिमसिम पानी परिरहेको थियो । सामान्य बर्खे बिहानजस्तै लाग्थ्यो । खाना खाँदै गर्दा छिमेकी राष्ट्र चीनको तिब्बत क्षेत्रको हिमालयन पठारबाट आएको भोटेकोसी बाढीले रसुवा-नुवाकोट जिल्लामा पारेको मानवीय तथा भौतिक क्षतिको समाचारहरू आइरहेका थिए । लास भेटिएका, सुरुङमा फसेका मानिसहरू खोजी कार्य तीव्र पारेको खबर आइरहेको थियो ।

खाना खाँदै गर्दा म्याडमले प्रश्न गरिन् । सांसद सागर ढकाल र श्रीराम न्यौपाने व्यापक आलोचना भएको मन परेको रहेनछ । उनले भनिन्, 'किन ? उनीहरू त सांसद मात्र नभएर प्राविधिक पनि रहेछन् । राम्रो अनुभव बटुलेका पनि हुन् भन्ने सुनियो । उनीहरूले प्राविधिक रूपमा सहयोग गर्दा पनि किन आलोचना गरेका होलान् ?'

कतिपय नाम चलेका सेलेब्रिटीले समेत उनीहरूको योग्यतालाई घरको सोफामा बसेर सिकाएको र आलोचना गरेको देख्दा साँच्चै उदेक लागेको र यो देश राम्रा मान्छेहरू बाँच्न र बस्न नसक्ने देश बनेको कुरा उनले गर्दा म आफैँलाई गम्भीर बनायो । यहाँ कुनै अमुक दुई सांसदको कुरा मात्र प्रश्न होइन । यहाँ यसरी काम गर्ने र यो देशमा केही गर्छु भन्नेहरूले धेरै आँसु बगाएको देखिन्छ । चाहे भाटभटेनीका मालिक मीनबहादुरले होस् वा मकै पोलेर गुजारा चलाउने गरिब, सामाजिक सञ्जालको गालीशिरोमणिको डोरीमा बाँधिएर यातना सहनुपरेको छ । सामाजिक सञ्जालमा फन्टुस विज्ञहरू लोकतन्त्रको भजनमण्डली, आलोचनात्मक चेतको अवचेतन दृष्टिकोण र अल्पज्ञानको खण्डित सोचमा लिप्त हुँदा मानिसहरू यस्तो कुकर्ममा रमाएको देखिन्छ । अझ नयाँ पुस्तामा प्रविधिको प्रयोगमा निर्वाधीकरणले गर्दा चरम दुरुपयोगको निर्लज्जीकरण झनै अचम्म गरी फैलिएको छ ।

ऐतिहासिक रूपमा बहादुरी, इमानदारी, आतिथ्यता, परिश्रम र विविधताभित्रको सहअस्तित्व नेपालीको वास्तविक परिचय हो । कठिन परिस्थितिमा पनि नझुक्ने, पाहुनालाई भगवान् मान्ने, पसिना बगाएर जीवन धान्ने र अनेकता हुँदाहुँदै पनि मिलेर बस्ने संस्कार हाम्रो समाजको मौलिक विशेषता हो । परिवारप्रतिको गहिरो सम्बन्ध, सामाजिक सहकार्य, परम्परा, धार्मिक-सांस्कृतिक सहिष्णुता, श्रमप्रतिको सम्मान र कठिन परिस्थितिमा अनुकूलन गर्ने क्षमता हामी नेपालीको अनुकरणीय छ ।

तर, पछिल्लो समय हाम्रो पुस्तामा अनौठो-अनौठो परिचय थपिँदै गएको छ । आजको ग्लोबल सोसाइटीमा प्रतिस्पर्धात्मकसँगै विज्ञान र प्रविधिको उच्चतम प्रयोगमा रमाइरहेको यो पुस्ता सामाजिक सञ्जालको सदुपयोग र त्योभन्दा बढी दुरुपयोगको, आत्मरतिमा पुलपुलिएको छ । आलोचनात्मक चेतलाई आत्मज्ञानको अल्पज्ञानी दृष्टिकोणबाट हरेक क्रियाकलापलाई राजनीतिक विचारमा लगेर आफूलाई समाहित गर्दै समाजका अन्य चेतनाको कोपिला निमोठिरहेको छ । चेत के हो, अवचेत के हो, यो पुस्ताले छुट्याएको छैन ? विज्ञ के हो र को हो ? प्राज्ञ के हो र को हो ? अनुसन्धान के हो र कस्तो हुन्छ ? प्रमाण के हो र कसरी हुन्छ ? पढाइ र विचारमा फरक हुन्छ कि एउटै हो ? सिद्धान्त र विचार फरक हुन् कि एउटै हो ? किन अक्षर र शब्द पढ्दै नपढेका मानिसहरूले पनि महान् विचारहरू दिन सक्छन्, तर पढेका मान्छेहरूले पढेको कुरासमेत भन्न सक्दैनन् ?

एउटी आमाको कोखबाट एउटै समयमा जन्मिएका जुम्ल्याहा बच्चाको ज्ञान र विचार त फरक हुन्छ भने समाजमा भएका मानिसहरूको ज्ञान र विचार फरक हुनु प्राकृतिक हो भन्ने किन नबुझेको होला ? नैतिकताले शिक्षा दिन्छ कि शिक्षाले नैतिकता दिन्छ ? किन अहिलेको पुस्तामा आफ्नो विचारमा प्रतिबद्धता स्थिरता छैन ? ज्ञान प्राप्ति स्कुल, कलेज वा विश्वविद्यालयबाट मात्र प्राप्त हुन्छ कि त्योभन्दा बढी बाहिरी समाजबाट प्राप्त हुन्छ ? हाम्रा स्कुल, कलेज वा विश्वविद्यालयले हामीलाई कस्तो शिक्षा दिएका छन् ? के हामीलाई चाहिने शिक्षा यिनीहरूबाट पर्याप्त छ ?

सामाजिक सञ्जालमा फन्टुस विज्ञहरू लोकतन्त्रको भजनमण्डली, आलोचनात्मक चेतको अवचेतन दृष्टिकोण र अल्पज्ञानको खण्डित सोचमा लिप्त हुँदा मानिसहरू यस्तो कुकर्ममा रमाएको देखिन्छ । अझ नयाँ पुस्तामा प्रविधिको प्रयोगमा निर्वाधीकरणले गर्दा चरम दुरुपयोगको निर्लज्जीकरण झनै अचम्म गरी फैलिएको छ । हाम्रो पुस्ताले पाउने सूचना मूलतः सामाजिक सञ्जाल हो । के यी सञ्जाल सूचनाका प्रमुख स्रोतका लागि योग्य छन् ? कस्ता सूचना प्राप्त भएका छन् ? एल्गोरिदम के हो ? यसले अहिलेको पुस्तालाई कसरी लगाम लगाएको छ ? फेसबुकको स्टाटस विचार हो कि क्षणिक प्रतिक्रिया ? भाइरल हुनु र सत्य हुनुबीच कुनै सम्बन्ध छ ? फेसबुकमा आएका १० हजार लाइकले एउटा गलत कुरालाई सही बनाउन सक्छ त ? सामाजिक सञ्जालबाट हामी सूचना पढिरहेका छौँ कि एल्गोरिदमले हामीलाई सूचना खुवाइरहेको छ ? अरुलाई सिकाउन हामी यति आतुरी किन गर्दै छौँ, तर आफैँ सिक्न त्यति आतुर किन छैनौँ ? स्टाटस वा कमेन्टमा देश बनाउने मानिसले वास्तविक आफ्नो जीवनमा कस्तो बनाएको छ ? सामाजिक सञ्जालमा देखिने हाम्रो व्यक्तित्व र वास्तविक जीवनको हाम्रो व्यक्तित्वको चरित्र एउटै छ ? हामी ज्ञान बाँडिरहेका छौँ कि आफ्नो अहंकार प्रदर्शन गरिरहेका छौँ ? हामीले किन सबैले मेरो विचारलाई मान्नुपर्छ भनिरहेका छौँ ? अहिलेको पुस्ताले किन यस्ता प्रश्न गर्न मानेको छैन वा गर्न खोजेको छैन ? यो महत्त्वपूर्ण सवाल हो भन्ने लाग्छ ।

हामीले कस्ता प्रतिक्रिया दिन्छौँ र कसरी फैसला गर्छौं भन्ने विषयमा १० साउन २०७५ मा साथीको घरमा गएकी १३ वर्षीय निर्मला पन्त भोलिपल्ट उखुबारीमा मृत भेटिइन् । उनको प्रारम्भिक अनुसन्धानमा बलात्कार भएर मृत्यु भएको देखियो । एउटा १३ वर्षकी नाबालककी बलात्कार गरी बीभत्स हत्या भएको देख्दा जनआक्रोश हुनु, आवेशपूर्ण प्रतिक्रिया हुनु स्वाभाविक हो । प्रश्न गर्नु झनै ठीकै हो । तर बलात्कारी त्यो हो, त्यसलाई समाउनुपर्छ, त्यसलाई छोड्नुपर्छ, ठाउँको ठाउँ मृत्युदण्ड दिनुपर्छ, नेताको छोरो नै बलात्कारी होजस्ता आरोप लगायौँ । त्यहाँ कसैले राजनीतिक षड्यन्त्र देखे । कसैले प्रहरी नै दोषी देखे । यसरी हरेक दोषी सडक र फुटपाथबाट नै गरिदिए, मानौँ ऊ नै अदालत हो, ऊ नै न्यायाधीश हो । परिणामतः अहिलेसम्म निर्मला पन्तको केस गोलमटोलमै छ ।

अर्को घटना २३-२४ भदौ २०८२ मा भएको जेन-जी आन्दोलन हो । सामाजिक सञ्जालमा भएको चरम असन्तुष्टिको परिणामस्वरुप आन्दोलनमा धेरै नानीबाबुहरू राज्यपक्षबाट भएको बर्बरताबाट शहीद भएका थिए । यता आन्दोलनकारीबाट भएको उच्छृङ्खलताबीचमा राज्यलाई ठूलो नोक्सानी भएको थियो । तर, त्यो समयमा आन्दोलन हुनुअघि र पछि कन्स्पिरेसी यति धेरै आए कि सामाजिक सञ्जाल पूरै असरल्ल थियो । मिडियाहरूका सूचना कसैले पत्याउन नसक्ने अवस्था थियो । त्यो बेला कति जना काल्पनिक प्रधानमन्त्री र मन्त्रीहरू भए । पूर्वराजा ज्ञानेन्द्र शाह त नारायणहिटी आइसकेको अफवाहसमेत फैलिएको थियो ।

सेनाले देश कब्जा गरिसकेको समाचार छरपस्ट थियो । व्यक्तिपिच्छे विज्ञ र विश्लेषक जन्मिएका थिए । कसरी भ्रमिला सूचना दिएर आफ्ना लाइक र कमेन्ट बटुल्ने र नामी हुने भन्ने एक प्रकारको प्रतिस्पर्धा नै थियो । राज्यका कुनै अंग चलायमान थिएनन् । प्रधानमन्त्री र मन्त्री सामाजिक सञ्जालले चुन्दै गरेका समाचारहरू आएका थिए । देश एक प्रकारले सामाजिक सञ्जालको रामराज्य थियो । त्यस्तै, अहिले भएको घटनालाई हेर्दा सामाजिक सञ्जालको चरम दुरुपयोग कसरी भएको छ हेरौँ । १० भदौ २०८३ मा रसुवाको भोटेकोसी-त्रिशूली नदीमा आएको बाढी इतिहासमै नभएको प्राकृतिक शक्तिसहितको विपत्ति आयो । यसले मानवीय तथा भौतिक क्षति अकल्पनीय तरिकाले गर्‍यो । बाढीको गति यति तीव्र थियो कि धेरै मानिस केही सेकेन्डले बाँचे भने धेरै मानिसको मृत्यु त्यही सेकेन्ड समयले नै निर्धारण गर्ने अवस्था आयो । विपत्ति मानव सभ्यतामाथि पनि ठूलो संकटसँगै प्रश्नसमेत तेर्स्याएर गयो । यति ठूलो प्राकृतिक विपत्तिमा हाम्रो पुस्ता त्यति धेरै संवेदनशील देखिएन । उसको सामाजिक सञ्जालको पुरानो रोग फेरि दोहोर्‍याउन थालिहाल्यो । भ्रमिला भिडियो र पोस्टहरूका बाढी आउन थाले । व्यक्ति मात्र होइन, औपचारिक अनलाइन पत्रिकामा समेत यस्ता भिडियो आउँदा म स्वयम् झुक्किएको छु ।

देशमा विषम प्राकृतिक विपत्ति आउँदा पनि व्यक्तिगत चरित्रहत्या, घृणाजन्य अभिव्यक्ति, शोकसँगै रोगको डरमा काँपिरहेका परपीडकहरूलाई व्यक्तिगत आक्रमण, राजनीतिक दोहोरो चरित्रले सामाजिक सञ्जाल रंगीन थियो । सरकारलाई समर्थन गरिरहेको एउटा वर्गले सरकारका राम्रा कामको समर्थन मात्र होइन, नराम्रा कामको दोष अरुलाई लगाएर पुरानै राजनीतिक चरित्र देखाएको छ । यता सरकारलाई समर्थन नगर्नेहरूले सरकारका राम्रा कामलाई कसरी बंग्याएर नराम्रो भन्न सकिन्छ भन्ने कोसिसमै लागेको देखिन्थ्यो । सदनदेखि सडकसम्म यसरी सामाजिक सञ्जालमा सामाजिक सञ्जालका फन्टुस विज्ञहरूको ताण्डव चलिरहेको छ । दुःखलाग्दो दृश्य त जनताद्वारा चुनिएको सदनमा थियो । त्यहाँ कुनै समवेदना र संवेदनशीलता थिएन । मात्र राजनीतिक सौदाबाजीको चरम निर्लज्जता देखिन्थ्यो । विपक्षीले सरकारलाई बल्ल गाली गर्ने दिन आएजस्तो खुसी थिए भने सरकार आफ्ना गलत कार्यको समेत सामान्यीकरण गरिरहेको थियो । खासमा संसद रंगमञ्चको पर्दाजस्तो थियो । यसरी हेर्दा यस्तो लाग्छ, हाम्रो चेत पनि लगिसक्यो ।

हाम्रो पुस्तामा ज्ञानभन्दा बढी प्रतिक्रिया प्रेरित भयो । हामीसँग पहिलेभन्दा धेरै सूचना छ तर सूचना र ज्ञानबीचको फरक बुझ्ने क्षमता बढेको फिटिक्कै छैन । हामीसँग पहिलेभन्दा धेरै आवाज छन्, तर ती आवाजमध्ये कति विचार हुन् र कति केवल प्रतिक्रिया मात्र हुन्, बुझ्न सकेको देखिँदैन ।

निर्मला पन्तको घटनादेखि जेन-जी आन्दोलनहुँदै भोटेकोसीको बाढीसम्म विश्लेषण गर्दा हाम्रो पुस्ताले हाम्रो समाजको रेखा कसरी कोरिरहेको छ भन्ने अनुमान गर्न सकिन्छ । वास्तवमा यी तीनवटै घटना एउटै प्रकृतिका त होइनन् । एउटामा बलात्कारजस्तो जघन्य अपराध थियो । अर्कोमा राजनीतिक तथा सामाजिक विद्रोह र तेस्रोमा प्राकृतिक महाविपत्ति । तर, यी तीनवटामा हाम्रो पुस्ताको प्रतिक्रिया हेर्दा एउटा साझा प्रवृत्ति भने देखिन्छ- हामी बिस्तारै तथ्यभन्दा प्रतिक्रिया, प्रमाणभन्दा धारणा र अनुसन्धानभन्दा निष्कर्षमा छिटो पुग्न थालेका छौँ ।

निर्मला पन्तको घटनामा हामी न्याय चाहन्थ्यौँ । त्यो स्वाभाविक थियो । तर, न्यायको माग गर्दैगर्दा कतिपय अवस्थामा हामी आफैँ न्यायाधीश भयौँ । प्रमाण आउनुअघि दोषी खोज्यौँ, अनुसन्धान पूरा हुनुअघि फैसला सुनायौँ । जेन-जी आन्दोलनमा सामाजिक सञ्जालले असन्तुष्टिलाई आवाज दियो । तर, त्यही सामाजिक सञ्जालको सूचना र अफवाहले चरम सीमा नाघ्यो । को प्रधानमन्त्री भयो ? को मन्त्री भयो ? कसले सत्ता कब्जा गर्‍यो ? सेनाले के गर्‍यो ? यस्ता कुरा प्रमाणित हुनुअघि नै सामाजिक सञ्जालमा 'सत्य' भइसकेका थिए ।

यता भोटेकोसीमा प्रकृतिले हाम्रो पुस्तालाई अर्को परीक्षा दियो । मानिसहरू जीवन बचाउन संघर्ष गरिरहेका थिए । आफन्त खोजिरहेका थिए । शोकमा थिए । तर, सञ्जालतिर पुराना भिडियो नयाँ बने, अपुष्ट सूचना तथ्य बने, अनुमान अनुसन्धानभन्दा अगाडि दौडियो र फन्टुस विज्ञहरूले विपत्तिको कारणदेखि समाधानसम्मको ठेक्का लिए ।

# सुस्तामा बाढीले १७० घरधुरी प्रभावित, प्रहरीद्वारा ४ सयभन्दा बढीको उद्धार



कांक्रेविहार संवाददाता
रूपन्देही, ११ असोज

नारायणी नदीको बाढी पसेर पश्चिम नवलपरासीको सुस्ता गाउँपालिका-५ का विभिन्न बस्ती डुबानमा परेका छन् । थारुटोल, सैनिक टोल, पहाडी टोल र बड्का टोलका करिब १७० घरधुरीमा बाढी प्रवेश गरेपछि नेपाल प्रहरीले बाढी प्रभावित नागरिकको उद्धार तथा सुरक्षित स्थानान्तरणलाई तीव्र बनाएको छ । प्रहरीले बाढी प्रभावित क्षेत्रबाट वृद्धवृद्धा, महिला तथा बालबालिका सहित करिब ४०० जनालाई सुरक्षित रूपमा विपद् व्यवस्थापन भवनमा स्थानान्तरण गरेको छ । नदीको बहाव बढ्ने क्रम जारी रहेकाले थप जोखिममा रहेका नागरिकलाई सुरक्षित स्थानमा सार्ने कार्यसमेत भइरहेको छ ।

बाढीका कारण इलाका प्रहरी कार्यालय, सुस्ता परिसरसमेत डुबानमा परेपछि कार्यालयमा रहेका हातहतियार तथा अन्य प्रहरी सामग्रीहरूलाई सुरक्षित स्थानमा सारिएको छ ।

उद्धार तथा राहत कार्यलाई प्रभावकारी बनाउन जिल्ला प्रहरी कार्यालय नवलपरासी पश्चिम, इलाका प्रहरी कार्यालय सुस्ता, इलाका प्रहरी कार्यालय बेलाटारी, सशस्त्र प्रहरी बल, बिओपी सुस्ता तथा नेपाली सेनाको टोली विपद् उद्धार सामग्रीसहित परिचालन भएका छन् । हालसम्म मानवीय तथा पशुचौपायको कुनै क्षति भएको छैन ।

# निरन्तरको वर्षाले सुदूर पहाडका सडक भाँसिदै

कांक्रेविहार संवाददाता
धनगढी, ११ असोज

निरन्तर भइरहेको वर्षाका कारण सुदूरपश्चिमका पहाडी जिल्लाका विभिन्न सडकहरू भासिन थालेका छन् ।

अछामको चौरपाटी गाउँपालिकास्थित चौखुट्टे-साँफेबगर सडकखण्ड भासिएको छ । यस्तै डोटीको शिखर नगरपालिका- ३ को रामपुर स्थित दिपायल डडेलधुरा सडक खण्डको मुख्य सडक अन्दाजी २० मिटर बाटो भासिएको छ।

वर्षाका कारण सडकको केही भाग भासिएपछि उक्त सडक खण्डहरूमा सवारी साधन आवतजावत जोखिमपूर्ण बनेको छ । भासिएको सडकको तत्काल निरीक्षण गरी मर्मत तथा सुरक्षित रूपमा यातायात सञ्चालनको व्यवस्था गर्न सम्बन्धित निकायसँग स्थानीयले माग गरेका छन् ।

यसैबिच निरन्तरको वर्षाका कारण देशका विभिन्न स्थानका सडकमा चिरा पर्ने, भासिने तथा पहिरो जाने क्रमसमेत बढेको छ ।

यसले लामो तथा छोटो दूरीका सवारीसाधनको आवागमनमा चुनौती थपिएको छ । वर्षाका कारण नदी तथा खोलाको बहाव बढ्न सक्ने भएकाले नदी तटीय क्षेत्रका बासिन्दालाई सतर्क रहन सम्बन्धित निकायले आग्रह गरिरहेका छन् ।

# नारायणीमा पानीको सतह अहिलेसम्मकै उच्च, दर्जनौं बस्ती डुबानमा

कांक्रेविहार संवाददाता
नवलपुर, ११ असोज

नारायणी नदीको बहाव उच्च भएपछि पुलमा ठूला सवारीसाधन सञ्चालनमा रोक लगाइएको छ । नदीमा पानीको सतह बढेपछि चितवन र नवलपरासी (बर्दघाट-सुस्तापूर्व) जोड्ने पूर्वपश्चिम राजमार्गको नारायणी पुलमाथि ठूला सवारीसाधन सञ्चालनमा रोक लगाइएको प्रहरीले जनाएको छ ।

देवघाटस्थित जलमापन केन्द्रका अनुसार दिउँसो १:५० बजे नारायणीमा पाानीको सतह ११.९१ मिटर पुगेको थियो । बहाव बढ्ने क्रममा रहेको केन्द्रले जनाएको छ । केन्द्रमा ७.३ मिटर पानीको सतहलाई चेतावनीको तह र ९ मिटरलाई खतराको तह मानिन्छ । पुलमा पूर्ण रूपमा सवारीसाधन सञ्चालनमा



रोक लगाइएकामा अहिले मोटरसाइकललाई मात्र छोडिएको जिल्ला प्रहरी कार्यालय नवलपरासी (बर्दघाट-सुस्तापूर्व) का सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक अनिल पण्डितले बताए ।

पुल पुरानो भएको र अत्यधिक हल्लिएपछि सवारीसाधन पूर्ण रूपमा रोक लगाइएको उनले बताए । सम्भावित जोखिम न्यूनीकरण गर्ने उद्देश्यले पुलमाथि रोकिएर पैदलयात्रीलाई तस्बिर, श्रव्यदृश्य सामग्री खिच्न रोक लगाइएको छ । नवलपुरबाट चितवनतर्फ जाने मोटरसाइकल बाहेकका सवारीसाधनलाई गैंडाकोटमा र नवलपुरतर्फ आउने सवारीसाधनलाई चितवनको नारायणघाटमा रोकिएको छ ।

नदीमा पानीको बहाव घटेपछि सवारीसाधन पूर्ण रूपमा सञ्चालन गर्न दिइने प्रहरी नायब उपरीक्षक पण्डितले बताए ।

नारायणीमा पानीको बहाव बढ्दै गएपछि गैंडाकोट, कावासोती, मध्यविन्दु नगरपालिका र विनयी त्रिवेणी गाउँपालिकामा पर्ने नारायणी नदी तटीय क्षेत्रका बस्तीहरू डुबानमा परेका छन् ।

# बालेनको सम्बोधन उत्कृष्टको सूचीमा ! अन्तर्राष्ट्रिय मिडियाले के लेखे ?

कांक्रेविहार संवाददाता
काठमाडौं, ११ असोज

संयुक्त राष्ट्रसंघको ८१ औं महासभामा नेपालका प्रधानमन्त्री बालेन्द्र (बालेन) शाहले गरेको सम्बोधन अन्तर्राष्ट्रियरुपमा समेत चर्चित बनिरहेको छ । सम्भवतः पहिलो पटक नेपालका प्रधानमन्त्रीले महासभामा बोलेका कुरालाई



## एनडीटीभी प्रोफिटको सूचीमा बालेन

भारतको प्रतिष्ठित व्यापारिक तथा आर्थिक समाचार च्यानल एनडीटीभी प्रोफिटले संयुक्त राष्ट्रसंघमा गरिएका प्रभावशाली भाषणहरूको संकलनमा बालेनको सम्बोधनलाई पनि समेटेको छ । उक्त च्यानलले यस वर्षको महासभामा प्रस्तुत गरिएका ५ वटा 'सबैभन्दा शक्तिशाली भाषणहरू' को सूचीमा नेपालका प्रधानमन्त्री शाहको सम्बोधनलाई पनि समावेश गरेको हो ।

अन्तर्राष्ट्रिय मिडियाले स्पेस दिएका छन् । बालेनले अस्ति महासभाको सामान्य बहसमा सम्बोधन गरेका थिए । जलवायु न्यायका लागि बालेनले विश्व समुदायसमक्ष जोडदार अपिल गरे । उनको सम्बोधन नेपालभित्र प्रशंसित बनिरहेको छ । विपक्षी दलका नेताहरूले समेत तारिफ गरेका छन् । युट्युबमा पनि बालेनको सम्बोधनमा उच्च भ्यूज देखिन्छ । राष्ट्रसंघको आधिकारिक युट्युब च्यानलमा अपलोड गरिएका विश्व नेताहरूको भाषणमध्ये प्रधानमन्त्री बालेन शाहको भिडियो सबैभन्दा बढी हेरिएको छ । बालेनको भाषणले ४ लाख ७० हजारभन्दा बढी भ्यूज पार गरेको छ । भिडिओमा ४ हजार ६ सयभन्दा बढी कमेन्ट आएका छन् । यो नेपाली युवा नेतृत्वले विश्व मञ्चमा पाएको अभूतपूर्व डिजिटल समर्थन र क्रेज हो । दोस्रोमा इरानका राष्ट्रपति मसुद पेजेस्कियन छन् । उनको करिब २० मिनेटको सम्बोधन अहिलेसम्म ४ लाख १३ पटक हेरिएको छ । तेस्रो स्थानमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प छन्, जसलाई ३ लाख ८३ हजारपटक हेरिएको छ ।

प्रधानमन्त्री शाहले आफ्नो सम्बोधनमा परम्परागत कूटनीतिक भाषाभन्दा माथि उठेर विश्व व्यवस्थाको दोहोरो मापदण्डमाथि कडा प्रहार गरेका थिए । उनले नेपालको विपत्तिलाई नेपालको मात्र समस्या बनाएर प्रस्तुत गरेनन् । भोटेकोशी-त्रिशूली क्षेत्रमा आएको बाढी र त्यसले निम्त्याएको मानवीय क्षतिलाई जलवायु परिवर्तनको विश्वव्यापी संकटसँग जोडे अमेरिकी समाचार संस्था एसोसिएटेड प्रेस (एपी) ले नेपालको बाढीलाई जलवायु परिवर्तनसम्बन्धी विश्वव्यापी चेतावनीका रूपमा प्रस्तुत गऱ्यो । बेलायतको 'द गार्जियन' ले पनि यही पक्षलाई आफ्नो समाचारको मुख्य विषय बनायो । बालेनले विपत्तिपछिको पुनर्निर्माणका लागि नेपाललाई थप ऋणको भार बोकाउनुको सट्टा पर्याप्त अनुदान उपलब्ध गराउनुपर्ने माग गरे । जलवायु परिवर्तनमा न्यून योगदान गरेका नेपालजस्ता मुलुकले त्यसको क्षति बेहोर्न थप ऋण लिनुपर्ने अवस्था न्यायसंगत नहुने उनको तर्क थियो । अन्तर्राष्ट्रिय समाचार संस्था रोयटर्सले उनको सम्बोधनलाई यही विषयसँग जोडेर समाचार बनायो ।

जलवायु विपत्तिपछिको पुनर्निर्माणका लागि अनुदानमा आधारित अन्तर ाष्ट्रिय सहयोगको उनको मागलाई समाचारको मुख्य विषय बनाइएको थियो । बालेनको सम्बोधनको अर्को महत्त्वपूर्ण पक्ष नेपाल, भारत र चीनलाई समेटेर 'हिमालयन क्लाइमेट रेजिलियन्स मेकानिजम' स्थापना गर्ने प्रस्ताव थियो । हिमालय क्षेत्रमा जलवायु परिवर्तनका कारण बढिरहेका जोखिमसँग जुध्न तीन देशबीच सहकार्य गर्ने उनको प्रस्ताव थियो । भारतको 'द इन्डियन एक्सप्रेस' ले बालेनको जलवायु कूटनीतिलाई भारतका लागि पनि महत्त्वपूर्ण विषयका रूपमा प्रस्तुत गरेको थियो । भारतीय सञ्चारमाध्यमले नेपाल-भारत-चीन सहकार्यको प्रस्तावलाई विशेष महत्त्व दिएका थिए ।

बालेनको भाषणमा सबैभन्दा ध्यान खिच्ने अभिव्यक्तिमध्ये एउटा थियो-युद्धका लागि आवश्यक हतियार विश्वको जुनसुकै कुनामा सहजै पुग्ने व्यवस्था छ, तर किसानले आवश्यक समयमा मल र इन्धनसमेत पाउन सक्दैन ।

# कांग्रेसको कहाँ र कहिले हुँदैछ क्षेत्रीय अधिवेशन ?



कांक्रेविहार संवाददाता
काठमाडौं, ११ असोज

नेपाली कांग्रेसको १५औं महाधिवेशनअन्तर्गत आइतबार १३ जिल्लामा संघीय निर्वाचन क्षेत्र र प्रदेश निर्वाचन क्षेत्रस्तरको अधिवेशन हुँदैछ ।

अत्यधिक वर्षाका कारण असोज १० गतेका लागि तय गरिएको अधिवेशन जिल्लाको अनुकूलता अनुसार असोज १३ गतेभित्र सम्पन्न गर्न केन्द्रीय निर्वाचन समितिले विकल्प दिएपछि विभिन्न जिल्लामा फरक-फरक मितिमा अधिवेशन हुन लागेको हो ।

अरु २९ जिल्लामा सोमबार र ९ जिल्लामा मंगलबार क्षेत्रीय अधिवेशन हुन लागेको कांग्रेसको केन्द्रीय निर्वाचन समितिले जानकारी दिएको छ । आज झापा, मोरङ, काठमाडौं, म्याग्दी, बागलुङ, अर्घाखाँची, प्युठान, बाँके, डोल्पा, मुगु, हुम्ला, कालिकोट र सुर्खेतसहित १३ जिल्लामा क्षेत्रीय अधिवेशन हुन लागेको हो ।

त्यसैगरी सोमबार १२ गते ताप्लेजुङ, पाँचथर, तेह्रथुम, भोजपुर, सोलुखुम्बु, खोटाङ, ओखलढुंगा, दोलखा, रामेछाप, सिन्धुली, धादिङ, सिन्धुपाल्चोक, काभ्रे, भक्तपुर, गोरखा, लमजुङ, तनहुँ, कास्की, पर्वत, स्याङ्जा, नवलपुर, रुपन्देही, गुल्मी, दाङ, सल्यान, बाजुरा, बझाङ, अछाम र कैलालीसहित २९ जिल्लामा क्षेत्रीय अधिवेशन हुन लागेको निर्वाचन समितिले जनाएको छ ।

केन्द्रीय निर्वाचन समितिलाई प्राप्त विवरण अनुसार मंगलबार १३ गते सुनसरी, नुवाकोट, मकवानपुर, नवलपरासी, बर्दिया र दैलेख गरी ६ जिल्लामा र १४ गते इलाममा क्षेत्रीय अधिवेशन गर्ने तय भएको छ ।

अन्य १७ जिल्लाले भने पुर्वनिर्धारित तालिका अनुसार १० गते नै अधिवेशन सम्पन्न गरेको समितिले जनाएको छ । अन्य केही जिल्लामा भने मिति तय नभए पनि १३ गतेभित्र गरिसक्न भनिएकाले त्यतिबेलासम्म भइसक्ने निर्वाचन समितिको दाबी छ ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

# घरमाथि ढुङ्गा खस्दा घाइते भएका तीन जनाको हेलिकोप्टरबाट उद्धार

❒ काँक्रेविहार संवाददाता
हुम्ला, ११ असोज

हुम्ला जिल्लाको दक्षिणी क्षेत्रको अदानचुली गाउँपालिका-४ को मछारीमा आइतबार बिहान माथिबाट खसेको ढुङ्गा घरको छतमा बजारिदा जेसीबी चालकसहित तीन जना घाइते भएका छन् । घाइते तीनै जनाको नेपाली सेनाको हेलिकोप्टरबाट आइतवार दिउँसो सुर्खेत लगिएको हो ।



घटनामा दैलेखको दुल्लु घर भएका जेसीबी चालक वर्ष २९ का बखत खड्का गम्भीर घाइते भएको प्रमुख जिल्ला अधिकारी भोलानाथ गुरागाईले बताए ।

आइतबार बिहानको समयमा रिल्म हुँदै विगाठीसम्मको सडक निर्माण कार्य गरिरहेका उनीहरू मछारी पुलपारिको एक घरमा सुतेका थिए । अचानक माथिबाट खसेको ठूलो ढुङ्गा घरको छतमा खसेपछि घरभित्र सुतेका खड्कासहित रूकुम पश्चिमको सानाभेरी नगरपालिका- १ का वर्ष १६ का रोसन राना र हुम्ला सिमकोट गाउँपालिका-४ निवासी वर्ष १७ को रमेश शाही घाइते भएका हुन् ।

घाइतेमध्ये राना र शाहीको अवस्था सामान्य रहेको छ भने जेसीबी चालक खड्काको टाउकोमा गम्भीर चोट लागेको अदानचुली ४ लौठी घर भएका स्थानीय दिनेश पाण्डेले बताए । घटना भएको जानकारी पाएलगत्तै लौठी गाउँबाट स्थानीय घटनास्थलमा पगेका थिए । तीनै जनाको श्रीनगर स्वास्थ्य चौकीमा प्राथामिक उपचार भइरहेको भएपनि चालक खड्काको अवस्था निकै गम्भिर देखिएकाले तीनै जनालाई हेलीकप्टर मार्फत सुर्खेत लगिएको हो । उक्त सडक निर्माणको ठेक्का हुम्लाकै कञ्नी निर्माण सेवाका छिरिङ लामाले गरेका थिए ।

# जडीबुटी खोज्ने क्रममा दुई समूहबीच झडप, एक जनाको मृत्यु, दुई बेपत्ता

❒ काँक्रेविहार संवाददाता
मुगु, ११ असोज

मुगुको मुगुम कार्मारोङ गाउँपालिका र हुम्लाको चंखेली गाउँपालिकाको सीमावर्ती क्षेत्रमा रहेको मिमी सामुदायिक वन क्षेत्रमा भएको झडपपछि भाग्ने क्रममा एक जना जनाको मृत्यु भएको छ । उक्त घटनामा दुई जना बेपत्ता भएका छन् ।

गाउँपालिकाले जडीबुटी संकलनका क्रममा झडपपछि बेपत्ताहरूको खोज गरिदिन आइतबार जिल्ला प्रशासन कार्यालयमा अनुरोध गरेपछि घटना बाहिर आएको हो । उनीहरू २ असोजमा जडीबुटी संकलन गर्न घरबाट निस्किएका थिए ।

मुगुका प्रमुख जिल्ला अधिकारी पोषनराज भण्डारीका अनुसार जडीबुटी खोज्न गएका १३ मध्ये १० जना सम्पर्कमा आएका छन् । मुगुको कार्मारोङ र हुम्लाको चंखेली गाउँपालिकाको सिमावर्ती क्षेत्रमा रहेको मिमी सामुदायिक वनमा जडीबुटी संकलन गर्ने क्रममा




स्थानीयसँग झडप भएको उनले बताए । झडपपछि भाग्ने क्रममा लेक लागेर एक जनाको मृत्यु भएको बुझिएको प्रजिअ भण्डारीले बताए ।

'जडीबुटी संकलनका लागि स्थानीय १३ जना वन क्षेत्रमा गएका थिए । उनीहरू चंखेली गाउँपालिका- २ को वन क्षेत्रहुँदै कार्मारोङ गाउँपालिका- ७ को मिमी वन क्षेत्रतर्फ पुगेको बुझिएको छ । उक्त क्षेत्रमा दुईपक्षका स्थानीय बासिन्दाबीच वन क्षेत्रको सीमासम्बन्धी विवादसमेत रहेको जनाइएको छ,' प्रजिअ भण्डारीले भने, 'जडीबुटी संकलनका क्रममा दुईपक्षका स्थानीयहरू सोही क्षेत्रमा पुगेपछि उनीहरूबीच विवाद भएको र त्यसपछि भागेर फर्किने क्रममा एक जनाको लेक लागेर मृत्यु भएको भन्ने जानकारी आएको छ ।'

घटनापछि सुरुमा ९ जना सम्पर्कविहीन रहेको जानकारी आएको थियो । तर, खोजीका क्रममा सात जना सम्पर्कमा आइसकेको पनि उनले बताए । दुई जना अझै बेपत्ता रहेको प्रमुख जिल्ला अधिकारीले जानकारी दिए ।

बेपत्ताको खोजीका लागि जिल्ला प्रहरी कार्यालय मुगु र जिल्ला प्रशासन कार्यालय हुम्लाबीच समन्वय भइरहेको उनले बताए । मुगु र हुम्ला दुवैतर्फबाट खोजी कार्य भइरहेको प्रमुख जिल्ला अधिकारीले बताए । मृतकको शव घटनास्थलबाट तल झारिएको छ । शवलाई पोस्टमार्टमका लागि जिल्ला अस्पताल ल्याउने तयारी भइरहेको पनि उनले बताए ।

घटनास्थल दुर्गम क्षेत्रमा रहेकाले शव जिल्ला अस्पतालसम्म ल्याउन लागिएको उनको भनाइ छ । उनका अनुसार मुगुम कार्मारोङ गाउँपालिका- ९ का २२ वर्षीय गणेशबहादुर बुढाको मृत्यु भएको जनाइएको छ ।

यस्तै, सोही ठाउँका २८ वर्षीय कलबहादुर बुढा, २७ वर्षीय प्रकाश बुढा, ३६ वर्षीय ललितजङ बडुवाल, ३५ वर्षीय जयबहादुर बडुवाल २६ वर्षीय अंख रोकाया, २६ वर्षीय जयबहादुर रोकाया, ४२ वर्षीय वीरबहादुर ऐडी, २३ वर्षीय प्रेमबहादुर रोकाया, १९ वर्षीय पवन रोकाया, ३६ वर्षीय बाच्या बुढा, ३५ वर्षीय प्रिम बुढा र १६ वर्षीय सर्जन बुढा जडीबुटी संकलनका लागि वन पसेका थिए ।

घटनाका बारेमा थप अनुसन्धान भइरहेको प्रजिअ भण्डारीले जानकारी दिए ।

## कृत्रिम बुद्धिमत्ता (AI) को उचित प्रयोग गरौं

- कृत्रिम बुद्धिमत्ताको प्रयोग मानव हित, नैतिकता र कानुनी व्यवस्था अनुसार गरौं,
- कृत्रिम बुद्धिमत्ताबाट प्राप्त जानकारीको सत्यता र विश्वसनीयता पुष्टि गरेर मात्र प्रयोग गरौं,
- व्यक्तिगत गोपनीयता र संवेदनशील जानकारीको सुरक्षा सुनिश्चित गरौं,
- कृत्रिम बुद्धिमत्ताको प्रयोगबाट गलत सूचना तथा भ्रमपूर्ण सामग्रीको प्रचार प्रसार नगरौं,
- शिक्षा, स्वास्थ्य, कृषि, उद्योग र सार्वजनिक सेवामा कृत्रिम बुद्धिमत्ताको उचित प्रयोगलाई प्रोत्साहन गरौं,
- डिजिटल सीप र कृत्रिम बुद्धिमत्तासम्बन्धी सचेतना अभिवृद्धि गरौं,
- मानव निर्णय, उत्तरदायित्व र पारदर्शितालाई प्राथमिकता दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




## गत...

आंशिक क्षति पुगेको छ । २१ गोठ तथा टहरा पूर्ण रूपमा क्षति भएका छन् भने सातवटामा आंशिक क्षति पुगेको छ । २१ उद्योग तथा कारखानामा पूर्ण रुपमा क्षति भएको छ । विपद्का घटनामा ५१ लाख ४६ हजार ९ सय रुपैयाँ बराबरको धनमाल क्षति भएको राठौरले जानकारी दिए ।

### पहिरोको जोखिममा सयौं बस्ती

कर्णालीको भौगोलिक अवस्थाका कारण पहिरो र बाढीको जोखिम वर्षायाममा अझ बढ्ने गरेको छ । तत्कालीन कर्णाली विकास आयोगले साविक कर्णालीका चार जिल्लामा गरेको अध्ययनले ३१८ वटा गाउँबस्ती असुरक्षित रहेको देखाएको थियो । अध्ययन गरिएका एक हजार २५ गाउँमध्ये ७०४ गाउँ अर्थात् ६९ प्रतिशत सामान्य रुपमा सुरक्षित देखिएका थिए भने ३१८ गाउँ अर्थात् ३१ प्रतिशत उच्च जोखिममा रहेको पाइएको थियो । तीमध्ये अधिकांश बस्ती पहिरोका कारण असुरक्षित रहेको अध्ययनमा उल्लेख थियो । प्राकृतिक रुपमा भिरालो भूगोल, बाढी-पहिरो र नदी कटानलाई जोखिमका प्रमुख कारणका रुपमा औँल्याइएको थियो ।

एसएसपी राठौरका अनुसार कर्णालीमा नदी तथा मुख्य जलाधारबाट आउने बाढी र डुबानका घटना पनि बर्सेनि दोहोरिने गरेका छन् । प्रदेशका १० जिल्लामध्ये सुर्खेत बाढी र डुबानको बढी जोखिममा रहेको उनले जानकारी दिए । प्रदेश सरकारले तयार पारेको 'विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८३' ले पनि कर्णालीलाई बहुप्रकोपको उच्च जोखिममा रहेको उल्लेख गरेको छ । योजनामा जटिल भूसंरचना, कमजोर भौगर्भिक अवस्था, मौसमी विषमता तथा जलवायु परिवर्तनका कारण कर्णाली बहुप्रकोपको उच्च जोखिममा रहेको उल्लेख छ ।

कर्णालीमा भूकम्प, पहिरो, आगलागी, चट्याङ, बाढी र महामारी सँगै नदी कटान, डुबान, भूक्षय, वन्यजन्तुको आक्रमण, असिना र हुरीबतासलगायतका घटनाबाट पनि जनधनको क्षति हुने गरेको छ ।

वर्षा सुरु हुनेबित्तिकै पहिरो र बाढीका घटना दोहोरिनु, सडक अवरुद्ध हुनु तथा बस्ती विस्थापित हुनुले कर्णालीमा विपद् व्यवस्थापनसँगै जोखिमयुक्त बस्तीको पहिचान, पूर्वसूचना र सुरक्षित स्थानान्तरणको आवश्यकता पनि देखाएपनि प्रदेश सरकारले ठोस पहल नगर्दा वर्षेनी विपद् जोखिम हुने गरको छ ।




काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५९३४४७५४/९८६४८८०६००, Email : ekankrebihardaily@gmail.com, web : kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)